**मिति २०८१।१०।०२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को सातौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** कार्यपालिका बैठकमा पेश भएका देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने र ऐनहरुलाई सोही नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

I. गैंडाकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१
II. गैंडाकोट नगरपालिकाको वन ऐन, २०८१
III. गैंडाकोट नगरपालिकाको हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि ,२०८१
IV. गैंडाकोट नगरपालिकाको नागरिक सेवाकेन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१
V. गैंडाकोट नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ संशोधन २०८१
VI. गैंडाकोट नगरपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि २०८१

**निर्णय नं.२** गैंडाकोट नगरपालिका वडा नं.(३,४,७,८ र ९) रहेको जयश्रीखोला तटवन्धन, झरही खोला तटवन्धन निर्माण वडा नं. १५ १६ र १७ र बेल्डिया खोला तटवन्धन वडा नं. १३,१४ र १६ निर्माणको लागि तयार भएको IEE प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री दुर्दर्शी ईन्जिनिरिङग कन्सल्टेन्सि प्रा.लि.सिद्धार्थनगर, रुपन्देहीका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) को कार्य गर्न परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री लुम्बिनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सल्टेन्ट प्रा.लि.सि.न.पा.०८ रुपन्देहीले पेश गरेको प्रतिवेदनलाई विज्ञहरुको राय सुझाव सहित सुशासन तथा संस्थागत विकास समिति र सुशासन समितिबाट संशोधन सहित सिफारिस भई आएकोले गैंडाकोट नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) मा उल्लेख भएको जम्मा २७७ जना कर्मचारीहरुको दरबन्दी संरचनालाई १६ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो । साथै गैंडाकोट नगरपालिकामा साविक नगरपालिका कार्यालयमा कार्यरत ६ जना कर्मचारी, भुमि आयोगको कार्य गर्ने प्रयोजनका लागि नियुक्त भएका डाटा प्रविष्टी कर्ता एवं नागरिक सेवा केन्द्र राख्ने भनी निर्णय भएका २ जना समेत गरी ६ जना कर्मचारी, शिक्षा शाखाको १ जना, महिला बालवालिका एवं जेष्ठ नागरिक उपशाखाका कार्यरत १ जना गरी जम्मा १४ जना कर्मचारीहरुलाई नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी नगरपालिकाको थप आर्थिक दायित्व नरहने गरी हाल सहायक कम्प्युटर अपरेटर पद सृजना गरी मासिक रु. २८,०००।-का दरले दिने साथै सामी कार्यक्रमका २ जना कर्मचारी समेतलाई सोही अनुसार सुविधा दिने गरी १६ औं नगर सभाको अधिवेशनमा निर्णायार्थ पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट वडा नं.१० मा रहेको पितौजी समावेशीको DPR को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था सविध कन्स्ट्रक्सन प्रा.लि. भरतपुर-१० चितवनका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मुख्य प्रवेशद्वारमा कार्यालयको नाम सहित प्रष्ट देखिने डिजिटल नागरिक वडा पत्र सहित Display हुने गरी गैंडाकोट नगरपालिकाको डिजिटल बोर्ड राख्नको लागि कार्यालयलाई आवश्यक व्यवस्थापन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.५** गैंडाकोट नगरपालिकाको कवाडी कर संकलन गर्न स्थान तोक्ने एवं बोर्ड राख्ने विषयका सन्दर्भमा राजश्व परामर्श समितिको बैठकबाट समेत सिफारिस भई आएकोले गैंडाकोट वडा नं. २ र १६ को राजमार्गको आगमन र निर्माण कार्यलाई अवरोध नगर्ने गरी बोर्ड राखी कवाडी कर संकलन गर्न दिने निर्णय गरियो ।

खलाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं.६** गण्डकी प्रदेश सरकारवाट मिति २०७९/११/१८ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवाको (गठन तथा संचालन) र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको "स्थानीय सेवाको (गठन तथा संचालन ) ऐन २०७९ को दफा २७ बमोजिम यस कार्यालयको मिति २०८१।०९।२१ गते प्रकाशित सूचनामा तोकिएको समय भित्र तोकीए बमोजिमको आवेदन फारम भरेका दफा ३१ बमोजिम नकारात्मक सूचिमा नपरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूह भित्रको पदमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गर्ने छ भन्ने व्यवस्था रहेकाले यस गैंडाकोट नगरपालिका कार्यालयमा कार्यरत रहेका र तहबृद्धिको लागि निवेदन पेश गरेका मध्ये प्रचलित कानून अनुसार देहाय बमोजिमका योग्यता पुगेका कर्मचारीहरुलाई मिति २०८१।१०।०१ देखि लागू हुने गरी तहवृद्धि गर्न निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम थर | शुरु नियुक्ति भएको पद नाम/ सेवा समूह | तहबृद्धि पश्चातको पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्र प्रसाद आचार्य | स्थानीय प्रशासन सेवा, सहायक पाँचौ | स्थानीय प्रशासन सेवा, सहायक प्रशासकीय अधिकृत, छैटौं | |
| २ | रामु पौड्याल | स्थानीय प्रशासन सेवा, सहायक पाँचौ | स्थानीय प्रशासन सेवा, सहायक प्रशासकीय अधिकृत, छैटौं | |
| ३ | रमेश आचार्य | स्थानीय प्रशासन सेवा, सहायक पाँचौ | स्थानीय प्रशासन सेवा, सहायक प्रशासकीय अधिकृत, छैटौं | |
| ४ | कमला सिग्देल | स्थानीय प्रशासन सेवा, सहायक पाँचौ | स्थानीय प्रशासन सेवा, सहायक प्रशासकीय अधिकृत, छैटौं | |
| ५ | जनक कार्की | स्थानीय प्रशासन सेवा, लेखा, लेखापाल पाँचौ | स्थानीय प्रशासन सेवा, लेखा ,सहायक लेखा अधिकृत, छैटौं | |

**निर्णय नं.७** आ.ब. २०७९/०८० को लागि नगर क्षेत्र भित्रका खोलानाला/ नदिहरुका ढुङ्गा, गिट्टी वालुवा तथा रोडाको उत्खनन् तथा संकलन कार्यसञ्चालन दिगो रुपमा बन्दबस्त गर्न लागि प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदन स्वीकृत भई यस गैंडाकोट नगरपालिकाको मिती २०७९/०९/०८ गतेको नगर विपद ब्यबस्थापन समितिको सिफारिस तथा नगरकार्यपालिकाको मिति २०७९/०९/१४ को बैठकको निर्णय बमोजिम नदिजन्य पदार्थ घाटगद्दी गरी राखिएकोमा बिभिन्न मितिमा ५ पटक भन्दा बढी गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७, नियम १३८ बमोजिम ठेक्का आव्हन गर्दा ठेक्का नलागेको र गण्डकी प्रदेश सरकारको आर्थिक ऐन-२०८१ को दफा ८ को उपदफा (१) संग सम्बन्धित अनुसूची -८ मा उल्लेख भएको व्यवस्था बमोजिम उल्लेखित ऐनले तोकेको नदिजन्य पदर्थ(ढुंगा, गिट्टी,बालुवा) को न्युनतम प्रति ईकाई दर रु. ९ बाट २०% घटी गर्दा हुन आउने प्रति ईकाई मूल्य रु. ७.२० लाई कायम गरी गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ को नियम १३८ को उपनियम ४(झ) बमोजिम कम्तिमा ७ दिनको सार्बजनिक बोल कबोल आव्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८** गत आ.व. २०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यक्रममा गैंडाकोट नगरपालिकाले कुल ९४.२५ प्रतिशत प्राप्त गरी सार्वजनिक गरेको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं.९** नारायणगढ-बुटवल सडक योजना (पुर्बी खण्ड) गैंडाकोट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को चलानी नं. ६१ मिति २०८१/०९/२४ मा प्राप्त पत्र बमोजिम उल्लेखित सडक योजनाको निर्माण ब्यावसायी M/S China State Construction Engineering Corporation Ltd. को लागि आबश्यक नदिजन्य निर्माण सामग्री प्रशोधन तथा उत्खननको लागि अनुमति प्रदान गरिदिनुहुन भनि यस कार्यलयमा पत्र प्राप्त हुन आएको र यस सडक योजना यथासिघ्र सम्पन्न गर्न आबश्यक पर्ने नदिजन्य पदार्थ र नदिजन्य पदार्थ प्रसोधन गर्न अस्थाई क्रसर प्लान्ट राख्नलाई मासिक रु.२५०००/- राजश्व लिई बाताबरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका बिधिहरु अबलम्बन गरी संचालन गर्ने गरी श्री रणनीति कन्स्ट्रक्सन प्रा.लि. गैंडाकोट-७ लाई अनुमति प्रदान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भट्ट अधिकारी
नगर प्रमुख

CamScanner

गैंडाकोट नगरपालिका
नगरपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.१०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| नगर | पानी पुनर्भरण योजना क्र.सं. ६१ | रु.२०,००,०००/- | नगरपालिकाको वाश योजना | रु.५,००,०००/- |
| नगर | क्रसर उद्योग निर्माण क्र.सं. २१९ | रु.५०,००,०००/- | गैंडाकोट आधारभूत अस्पताल गैंडाकोट-५ सञ्चालन तथा व्यवस्थापन | रु.५०,००,०००/- |
| १८ | शौचालय,भवननिर्माण महिला समूह भवन क्र.सं.२८१ | रु.३,००,०००/- | आहाले गाउँघर क्लनिक ट्रस निर्माण | रु.३,००,०००/- |
| १८ | विरेन्द्र आ.वि.बाट कोल्टा जाने मार्ग ढलान गर्ने क्र.सं. १९४ | रु.५,००,०००/- | बसेनी खानेपानी तथा सरसफाई व्यवस्थापन | रु.५,००,०००/- |
| १८ | बसेनी सडक मर्मत क्र.सं.७२४ | रु.४,००,०००/- | गैंडाकोट वडा नं. १८ मा चिया खेती सञ्चालन | रु.४,००,०००/- |
| ११ | हर्कपुर नमुना टो.वि.स. भित्र अधुरो रहेको मोज्याक टायल लगाउने क्र.सं. ५३७ | रु.४,००,०००/- | नारायणी नदी तटबन्धन | रु.५,५०,०००/- |
| ११ | कृयापुत्री भवन क्र.सं. ५४८ | रु.५,००,०००/- | | |
| ११ | विभिन्न स्थानमा ग्रावेल बिच्छाउने कार्यक्रम क्र.सं. ५४१ | रु.४,००,०००/- | गणेश टो.वि.स.अन्तर्गतको बाटो कालोपत्रे | रु.४,००,०००/- |
| १० | कोटिहोम पछाडी खोला तटबन्धन क्र.सं. ५२० | रु.५,००,०००/- | दुर्गामन्दिर कोटिहोमको सभा हल निर्माण | रु.५,००,०००/- |
| १० | हड्बडे खोला देखि झाम्पानी खोला तटबन्धन क्र.सं. २११ | रु.५,००,०००/- | संगम टोल गणेश मार्ग वाल निर्माण | रु.५,००,०००/- |

मदन भक्त अधिकारी
नगर प्रमुख

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

CS CamScanner